# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

☎ ०७१-५६०२३०


प.सं. ०७५/०७६/प्रशासन
च.नं.

मिति: २०७५/०७/०१

विषयः <u>बुटवल वेलहिया सडक अन्तरगत योगिकुटी मणिग्राम सड्क खण्डमा तारवार सहित हरियाली प्रवर्द्धन र वगैचा निर्माण सम्वन्धमा ।</u>

श्री वडा अध्यक्षज्यू
वडा नं. १, २, ३, ४
तिलोत्तमा नगरपालिका, रुपन्देही ।

प्रस्तुत सन्दर्भमा वुटवल-वेलहिया सडक अन्तर्गत योगिकुटीदेखि मणिग्राम सडक खण्डको दायाँबायाँ तारवार सहितको हरियाली र वगैचा निर्माण गर्ने कार्यक्रम रहेको हुँदा आ-आफ्नो वडाको क्षेत्राधिकार भित्र सम्बन्धित टोल विकास संस्था, उपभोक्ता समिति मार्फत ४०% लागत सहभागिता जुटाई "तारवार सहितको हरियाली प्रवर्द्धन र वगैचा निर्माण"का लागि उपभोक्ता समिति गठन लगायत प्राथमिकताका साथ अगाडि वढाई उक्त काम यथासिघ्र सम्पन्न गर्नुहुन अनुरोध गर्दछु । यस सम्वन्धमा थप जानकारीहरु तपशील वमोजिम रहेको व्यहोरा समेत अनुरोध गर्दछु ।

<u>तपशीलः</u>

- यस तिलोत्तमा नगरपालिकालाई सफा, सुन्दर, रमणिय र पर्यटकीय नगर बनाउने अभिप्रायले नगरकार्यपालिकाले "ग्रिन तिलोत्तमा क्लिन तिलोत्तमा" भन्ने नारा तय गरेको ।
- यसका साथै प्रत्येक महिनाको १ र १५ गते गते समुदायमा आधारित नगर सरसफाई अभियान सुरु भई २६ औ श्रृखलामा पुगेको ।
- नगरको सुन्दरता तथा सालिनता वुटवल वेलहिया व्यपारिक मार्गमा प्रतिविम्वित हुने ।
- हरियाली प्रर्वधनका स्थानीय संघ, संस्था, सुमदायवाट केहि स्थानहरुमा स्वस्फूर्तरुपमा समेत काम अगाडि वढिरहेको ।
- यसै सिलसिलामा आ. व. २०७५।०७६ को नगर विकास योजनाको सि.न. ४०१०(६) नगर हरियाली प्रर्वद्धन कार्यक्रम तथा तारवार शीर्षकमा रु. ७५,००,०००।०० विनियोजन भएको ।
- सडक कालोपत्रे सम्पन्न भएको योगिकुटी, ड्राईभरटोल, नयामिल र मणिग्राम, सम्मको सडक क्षेत्रमा वडा अध्यक्ष र वडा समितिको प्रत्यक्ष रेखदेख र व्यवस्थापन र अगुवाईमा सम्वन्धित टोलविकास समितिलाई परिचालन गरी टोल विकास समिति, सम्वन्धित स्थानियवासिह उपभोक्ताहरुको कन्तिमा ४०



Scanned by CamScanner

प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागत सहभागिता रहने गरी स्विकृत वजेट, डिजाईन तथा मापदण्ड अनुसारको कार्य गराउने ।

**थप गाइड लाईनहरुः**

१. फलामे कालोपाईप **(M/S Black Pipe)** सम्बन्धि गाइडलाईन

- पाइपको लम्वाई ४ फिट ६ इन्चि
- पाइपको मोटाई १.५ इन्चि (मिडियम गेज हुनुपर्ने)
- पाइप जमिन मुनी १ फिट PCC मा जमाउने
- पाइपको माथि फलामकै क्याप लगाउने
- जाली अथवा पाइपमा १ फिट वाई ६ इन्चि भन्दा ठुलो वोर्ड नराख्ने
- प्रत्येक १०० मी. को दुरीमा सफाई गर्न २ फिट चौडा जाली ढोका राख्ने
- जालिको विपरित दिशामा ४ ईन्चि मोटाई र ९ ईन्चि उचाई भएको ईट्टाको वाल (१:४) उठाउने

२. जाली **(Woven Mesh Gavion Wire)**

- तारको मोटाई ३ मी.मी र जालिको प्वाल २.५ इन्चि (१० गेज हेवी कोटेड/टेस्ट सटिफाईड)
- जालीको उचाई ३ फिट
- जाली जमिनबाट ४ ईन्च माथि रहने
- जालीका धार तथा काडाहरु व्यवस्थित हिसाबले मोड्ने

३. अन्य विविध

- तार जाली तथा अन्य संरचना रेखदेख तथा मर्मत सम्बन्धित जिम्मेवारी टोल विकास समिति तथा स्थानिय बासिन्दाको नै रहने ।
- एउटा मुख्य बजार क्षेत्र देखि अर्को बजार क्षेत्र सम्म एकैप्रकारको विरुवा रोप्ने ।
- खानेपानी संस्थासंग सहकार्य गरि विरुवामा सिचाइको प्रवन्ध गर्ने ।
- सिचाईको लागि आवश्यक पाईप तथा टंकिको प्लानिङ्ग गरी नगर तथा टोल विकास समितिको आपसी समन्वयमा कार्य गर्ने ।
- वडागत रुपमा नाप जाँच गरी क्षेत्रफल एकिन गर्ने ।
- सम्बन्धित वडा अध्यक्षको अगुवाईमा उपभोक्ता समिति गठन गर्ने
- निर्माण कार्य सुरु हुनुभन्दा अगाडि करिब २ घण्टाको अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।
- निर्माणको ढाँचा, किसिम, उचाई, गोलाई, मोटाई यो अवधारणामा पत्र उल्लेख भए बमोजिम हुने ।
- यो निर्माण कार्य सुरु हुनुभन्दा अगाडि स्थानीय बासिन्दा तथा संघ संस्थाहरुले निर्माण गरेको तार जालीलाई यथावत राख्ने । नगरपालिकाद्धारा स्वीकृत ढाँचासँग पटक्कै मेल नखाने संरचनालाई स्थानीय सरोकारवालाको परामर्शमा परिवर्तन गर्न सकिने ।
- यस सम्बन्धि थप विषय नगरपालिकाले तोके बमोजिम हुने ।

सिक्कस लेन सडकको दुवै तर्फ लगाउन लागिएको तारजालीको थ्री डि नमूना र टु डी नमूना यसै पत्र साथ संलग्न छ ।



Scanned by CamScanner